मिति २०८०।०३।०९ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरूः

मितिः २०८०।०३।०९

प्रस्तावहरुः

१. १३ औं गाउँसभा संचालन सम्बन्धमा।
२. आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रमका अनुमोदन सम्बन्धमा।
३. आगामी आ.व. को बजेट सिलिङ अनुमोदन सम्बन्धमा।
४. आरुघाट गाउँपालिकाको सडक हेरालु कार्यविधि सम्बन्धमा।
५. आरुघाट गाउँपालिकाको विपद पुर्वतयारी तथा प्रतिकार्य योजना सम्बन्धमा।
६. विविध।

निर्णयहरुः

१. प्रस्ताव नं. १ माथि छलफल हुँदा मिति २०८०।०३।१० गते सुरु हुने आरुघाट गाउँपालिकाको १३ औं गाउँसभा को कार्यसूची तथा समय तालिका स्वीकृत गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल हुँदा आरुघाट गाउँपालिकाको आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम अनुमोदन गर्दै स्वीकृतिको लागी १३ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल हुँदा आगामी आर्थिक बर्ष २०८०।८१ को लागी आरुघाट गाउँपालिकाको वजेट सिलिङ यस गाउँपालिकाको स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिले निर्धारण गरे अनुरुप देहाय वमोजिम रु ५८ करोड १६ लाख १७ हजार ४ सय निर्धारण गर्ने निर्णय गरियो।
   क. नेपाल सरकार समानीकरण अनुदान – १२ करोड ६८ लाख।
   ख. नेपाल सरकार सशर्त अनुदान – २५ करोड १९ लाख।
   ग. नेपाल सरकार समपुरक अनुदान – १ करोड ८० लाख।
   घ. नेपाल सरकार विशेष अनुदान – ७५ लाख।
   ङ. नेपाल सरकार राजश्व वाँडफाड – ९ करोड २६ लाख ९५ हजार ४ सय।
   च. प्रदेश सरकार समानीकरण अनुदान – १ करोड ७८ लाख ८४ हजार।
   छ. प्रदेश सरकार समपुरक अनुदान – ७० लाख
   ज. प्रदेश सरकार विशेष अनुदान - ४० लाख।
   झ. प्रदेश सरकार राजश्व वाडफाड – ६८ लाख ३८ हजार।
   ञ. गाउँपालिकाको आन्तरिक स्रोत – ९० लाख।
   ट. अ. ल्या. – ४ करोड ।

मिति २०८०।०३।०९ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरूः

४. प्रस्ताव नं. ४ माथि छलफल हुँदा आरुघाट गाउँपालिकाको सडक हेरालु सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल हुँदा आरुघाट गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना स्वीकृत गर्ने निर्णय गरियो।

६. विविध X